सुदूरपश्चिम प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

धनगढी, नेपाल

पत्र संख्या :२०८०/०८१

च.नं.

मिति : २०८०।०४।२५

मनसुनजन्य विपद् प्रतिकार्य सम्बन्धमा जारी

## प्रेस विज्ञप्ती

विपद् प्रभावित नागरिकको जीउधनको रक्षा एवं विपद्बाट हुनसक्ने क्षति न्यूनीकरणका लागि विपद् प्रभावितको खोज,उद्धार, राहत र पुनर्स्थापना कार्यलाई मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना, २०८० बमोजिम सबै क्लष्टरलाई समन्वयात्मक रुपमा परिचालन गरी प्रभावकारी तुल्याइएको छ ।

वर्तमान संघीय र प्रादेशिक कानुन बमोजिम एकद्वार प्रणालीबाट खोज, उद्धार तथा राहत कार्य सम्पादन गर्न प्रदेश सरकारबाट सबै जिल्लामा रहेको विपद् व्यवस्थापन कोषमा आवश्यक रकम पठाउनुको साथै विपद् प्रभावितहरुलाई राहत सामग्री उपलब्ध गराउने व्यवस्था समेत मिलाइएको छ । विपद् प्रभावित नागरिकको जीउधनको रक्षाको साथै सम्भावित क्षति न्यूनीकरण कार्य प्रदेश सरकारको उच्च प्राथमिकतामा रहेकोले विपद् खोज,उद्धार, राहत लगायतका प्रतिकार्यमा आवश्यक पर्ने थप स्रोतसाधन समेत उपलब्ध गराउन प्रतिवद्ध रहेको छ ।

साथै विपद्बाट प्रभावित नागरिकको उद्धार तथा पुनर्स्थापनाको लागि आवश्यक स्रोतसाधनको प्रभावकारी उपयोग गर्न र थप स्रोतसाधन आवश्यक परेमा प्रदेश सरकारको सम्वन्धित मन्त्रालयमा निरन्तर सम्पर्क र समन्वय गर्न जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह र जिल्ला स्थित कार्यालयहरुलाई विशेष अनुरोध समेत गरिन्छ ।

भारीवर्षाका कारण आएको पहिरोले अवरुद्ध धनगढी – डडेलधुरा सडकखण्ड अन्तर्गत वुढीतोला इलाकामा पहिरो पन्छाई सडक आवागमन सुचारु गर्ने कार्यमा प्रदेश सरकार मातहतका निकायबाट आवश्यक उपकरण, औजार र जनशक्ति परिचालन हुनुको साथै प्रदेशस्थित सबै सुरक्षा निकाय, स्थानीय प्रशासन र स्थानीय तहसँग समेत निरन्तर समन्वय भइरहेकोले उक्त सडक खण्ड छिट्टै सञ्चालनमा आउने व्यहोरा सम्वन्धित सबैमा जानकारी गराइन्छ ।

यस सम्बन्धमा आजै माननीय मुख्यमन्त्रीज्यूले माननीय मन्त्रीज्यूहरु, प्रमुख सचिव र सचिवहरुलाई हाल प्रदेशभर भइरहेको वर्षाका कारण उत्पन्न विपद् प्रतिकार्यका लागि प्रदेश सरकारका सबै संयन्त्र प्रभावकारी रुपमा परिचालन गर्न गराउन, हाल भइरहेको र भविष्यमा हुनसक्ने विपद्का घटनाको सूचना नियमित सम्प्रेषण एवं क्षतिको विवरण संकलन प्रभावकारी तुल्याउन र अस्थायी संरचनाहरु निर्माण एवं मर्मत सम्भारमा आवश्यकता अनुसार आर्थिक, भौतिक र अन्य स्रोतसाधन उपलब्ध गराउन विषयगत मन्त्रालयहरुलाई विशेष निर्देशन दिनुभएको व्यहोरा समेत सबैमा जानकारी गराइन्छ ।

२०८०।४।२५

विपद् सम्पर्क व्यक्ती

Phone 091 - 526688 / 091– 526934 / fax: 091: 524828 / Email: moiaffairsandlaw7@gmail.com